आज मिति २०७८।०४।०४ गतेका दिन यस चौदण्डीगढी नगरपालिका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर-कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसियो ।

तपसिल उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख
३. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुवेदी - ,, २
५. श्री परशुराम राई - ,, ३
६. श्री चरण कुमार राई - ,, ४
७. श्री देव नारायण चौधरी - ,, ५
८. श्री कमलध्वज राई - ,, ६
९. श्री तेजराज तिम्सिना - ,, ७
१०. श्री श्याम कुमार मगर - ,, ८
११. श्री प्रकाश राउत - ,, ९
१२. श्री राम कुमार खड्का - ,, १०
१३. श्री देवि कुमारी कार्की - नगर कार्यपालिका सदस्य
१४. श्री जानुका कुमर - ,, ,,
१५. श्री मदन कुमारी कार्की - ,, ,,
१६. श्री विमला राई - ,, ,,
१७. श्री अस्मिता नेपाली - ,, ,,
१८. श्री प्रमिला दनुवार - ,, ,,
१९. श्री सुन्दर प्रकाश साह - ,, ,,
२०. श्री शिव प्रसाद खमेगाई - प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१. स्थानिय हाटबजार ठेक्का सम्बन्धमा ।
२. मनन कन्स्ट्रक्सन प्रा.लि. को आ.व. ०७७।०७८को ठेक्का सम्बन्धमा ।
३. मालपोत कार्यलय गाइघाटको पत्र सम्बन्धमा ।
४. राजस्व संकलनको लागि सफ्टवेयर जडान सम्बन्धमा ।
५. मनन कन्स्ट्रक्सन र केडी स्याण्ड उद्योगको माग सम्बन्धमा ।
६. आ.व. २०७८।०७९ को लागि IEE गर्ने सम्बन्धमा ।
७. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
८. अलपत्र नागरिक क्वारेन्टीनमा ल्याएको भाडा सम्बन्धमा ।

९. कर्मचारीको नमुना/का.स.मु. फारम स्वीकृत गर्ने सम्बन्धमा ।
१०. प्राविधिक कर्मचारी करार नियुक्ति गर्ने सम्बन्धमा ।
११. सार्वजनिक शौचालय निर्माण सम्बन्धमा ।
१२. समपुरक र विशेष अनुदान तर्फको रकम माग गर्ने बारे ।
१३. विपद व्यवस्थापन सम्बन्धमा ।
१४. कोरोना व्यवस्थापन खर्च सार्वजनिकिकरण सम्बन्धमा ।

## छलफल तथा निर्णयहरू

**नि.नं.१** प्रस्ताव नं.१ माथि छलफल गर्दा यस न.पा.को गत आ.व. २०७६/०७७ को लागि मवेशी ठेक्का अन्तर्गत राँगा, गोरु तर्फ बैल्टार निमार्नसेवा चौ.न.पा.-८ र खसी, बोका तर्फ चौदण्डी ताकेला कन्स्ट्रक्सन प्रा.लि. बेल्टारले ठेक्का लिएको र हालको कोरोना महामारीको कारण नेपाल सरकारद्वारा जारी लकडाउनको कारण देखाई म्याद थपको निवेदन दिएकोमा नियमानुसार म्याद थप गर्न नमिल्ने देखिएकोले न.पा.को राजस्व परामर्श समितिको निर्णय समेतको आधारमा म्याद थप नगर्ने निर्णय गरियो । साथै उक्त मवेशी ठेक्काको लागि चालु आ.व.मा ठेक्का आवहान गर्ने सम्बन्धी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । साथै हालको अवस्था सामान्य भई ठेक्का सम्झौता नभए सम्मको लागि अमानतमा राजस्व संकलन गर्ने निर्णय गरियो ।

**नि.नं.२** प्रस्ताव नं.२ माथि छलफल गर्दा मनन कन्स्ट्रक्शन प्रा.लि.ले आ.व. २०७६/०७७ को नदिजन्य पदार्थ सम्बन्धी ठेक्काको अपुग परिमाणको राजस्व किर्ती तथा लामाखोला बाट बढी उत्खनन भएको नदिजन्य पदार्थको सम्बन्धमा न.पा.को राजस्व परामर्श समितिको बैठकबाट भएको निर्णय अनुमोदन गरियो ।

**नि.नं.३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा घरजग्गा पास गर्ने प्रयोजनको लागि घरको मूल्याङ्कनको सम्बन्धमा मालपोत कार्यालय उदयपुरको च.नं. ३८४८ मिति २०७७/३/२० गतेको पत्र बमोजिम मूल्य खुलाई पठाउने व्यवस्थाको लागि — वडा कार्यालयहरूलाई जानकारी गराउने निर्णय गरियो ।

नि.नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका तथा वडा कार्यालयहरु मार्फत संचालन हुने राजस्व संकलन कार्य लाई चुस्तदुरुस्त र प्रभावकारी बनाउनको लागि अनलाइन माध्यमबाट राजस्व संकलनको लागि सफ्टवेयर जडान गर्ने निर्णय गरियो ।

नि.नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा मनन कन्स्ट्रक्सन प्रा.लि सुन्दरहरैंचा र केडी स्यान्ड उद्योगले गत आ.व. मा राजस्व जम्मा गरी घाटगद्दी प्रमाणित गरि बिक्रिवितरण गर्दै गरेको नदिजन्य पदार्थ अतिवर्षाको कारण बिक्रि निकासी गर्न नसकेको तपसिलको परिमाण बिक्रि निकासाको लागि म्यादथप गरी अनुमति दिने निर्णय गरियो ।

तपसिल

1. मनन कन्स्ट्रक्सन प्रा.लि सुन्दरहरैंचा – ४०,८३८ घ.मि. गिट्टी
2. केडी स्यान्ड उद्योग – १४,८१६।२ घ.मि. बालुवा

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रमा रहेका नदि तथा खोलाहरुबाट नदिजन्य पदार्थ उत्खनन, बिक्रि वितरण तथा संकलन गर्ने सम्बन्धमा यस न.पा. का विभिन्न वडाका तपसिलमा उल्लेखित खोला तथा नदि हरुको IEE गर्ने निर्णय गरियो ।

तपसिल

1. धाँगे खोला – वडा नं. – १
2. आडिवास, विर्ता, चप्लेटी खोला वडा नं. १ र २
3. आडिवास, लामा, गैगटे, चालिसे खोला वडा नं. २ र ४
4. लामा खोला, काली खोला – वडा नं २,४
5. सिवाई खोला, त्रियुगा खोला – वडा नं. ५,९
6. धुरखोला वडा नं ५,६,७ र ८,९ (अप्रहा खोला समेत)
7. त्रियुगा, धुर, भरौली खोला – वडा नं. ९।५।१०
8. ज्यामिरे खोला – वडा नं. ९
9. देवधार, खैराहा, घोरमुना खोला – वडा नं. १०
10. कालिखोला वडा नं. ३ र ४

नि.नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका मा साविकमा करार सम्झौता भई कार्यरत करार कर्मचारीहरुको सम्बन्धित शाखाको सिफारिस सहित म्याद थप गर्ने निर्णय गरियो ।

प्रक्रिया अगाडी बढाउने

Mouli

__नि.नं.८__ प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नपा को विभिन्न वडामा बस्ने नागरिकहरु रोजगारीको सिलसिलामा देश तथा विदेशका विभिन्न क्षेत्रमा गएकोमा लकडाउनको कारण अलपत्र परेका नागरिकहरुलाई उद्धार गरी नपा को क्वारेन्टीनमा राखिएको तपसिल अनुसारको भाडा रकम भुक्तानी दिने निर्णय गरियो ।

__तपसिल__

१. शारदा अधिकारी - वडा नं. ६ रु. २०००।-
२.
३.

__नि.प्र.९__ प्रस्ताव नं. ९ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त कर्मचारीहरुको नमुना का०स०मु० फारम स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

__नि.प्र.१०__ प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नपा को लागि पशु कृषि तथा सिभिल तर्फको विभिन्न पदमा प्राविधिक कर्मचारीहरु करार नियुक्ति गर्नु पर्ने भएको हुँदा नपा को लागि आवश्यक प्राविधिक कर्मचारीहरु करार नियुक्ति गर्ने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट अनुमति माग गर्ने निर्णय गरियो ।

__नि.प्र.११__ प्रस्ताव नं. ११ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च०नं० ६०१ मिति ०७६।३।३० गतेको प्राप्त पत्र अनुसार यस नपा को तपसिलका स्थानहरुमा सार्वजनिक शौचालय निर्माणको लागि माग गर्ने निर्णय गरियो ।

__तपसिल :__

१. वडा नं. १ को ऐतिहासिक चौदण्डीगढी दरबार ।
२. वडा नं. ४ को शनिबारे बजार ।
३. वडा नं. १० को चिल्ड्रेन पार्क ।
४. वडा नं. ७ को किराँत राई यायोक्खा कम्पाउण्ड क्षेत्र ।
५. वडा नं. ८ को बिरेन्द्र बजार पुछार ।
६. वडा नं. ३ को विरेन्द्र चौक बसपार्क ।
७. वडा नं. २ को भ्कोडापाटा चौक मन्दिर र खानेपानी ट्यांकी छेउ ।

Scanned with CamScanner

नि. नं. १२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा संघिय सरकारको समपूरक अनुदान र विशेष कोष अनुदान अन्तर्गत गत आ.व.मा यस नपा मा बजेट प्राप्त भई यस नपाको प्रशासनिक भवन र रोजधार खानेपानी सिद्धिफरको ठेक्का प्रक्रिया पुरा भई निर्माण कार्य समेत शुरु भएकोमा हालको लकडाउनको कारण खर्च हुन नसकि फिर्ता भएको हुँदा उक्त दुवै तर्फको रकम पुन: निकासाको लागी सम्वान्धित निकायहरुमा माग गर्ने निर्णय गरियो ।

नि. नं. १३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा हालको कोरोना संक्रमण संगै वर्षायामको कारण अन्य प्रकारका विपद समेतको प्रकोप हुने समय शुरु भएको हुँदा सबै वडाकार्यालयहरुले आ-आफ्नो वडाको वडा स्तरीय विपद व्यवस्थापन समितिलाई सक्रिय बनाउने साथै वडा स्तरीय विपद फोकल पर्सनहरुको सम्पर्क नम्बरहरु नपामा पठाउने साथै सबै वडाले वडाहरुमा हुन सक्ने सबै प्रकारका विपदहरुको पूर्व तयारीको र प्रतिकार्यको व्यवस्था मिलाउने निर्णय गरियो ।

नि. नं. १४ प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नपाले कोरोना महामारी संक्रमण रोकथाम तथा व्यवस्थापनको लागी संचालन गरेको क्वारेन्टीन, कोभिड अस्पताल र राहत वितरण समेतमा मिति २०७७ साल असार मसान्त सम्म भएका सबै खर्चहरुको विवरण सम्बन्धीत शाखाहरु र वडा बाट माग गरि सार्वजनिकिकरण गर्ने निर्णय गरियो । साथै कोरोना संक्रमण व्यवस्थापन सम्बन्धमा हाल सम्म (मिति २०७७ असार मसान्त) सम्मको सबै खर्च हरु अनुमोदन गर्ने निर्णय गरियो ।